बैठक संख्या -३६

आज मिति २०७७/०२/१५ गतेको दिन यस उत्तरगया गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यूको अध्यक्षतामा बैठक तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी तपशिलका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| उपेन्द्र लम्साल | अध्यक्ष |
| चमेली गुरुङ | उपाध्यक्ष |
| बम बहादुर तामाङ | वडा अध्यक्ष |
| खुवा बहादुर गुरुङ | वडा अध्यक्ष |
| लाल बहादुर तामाङ लामा | वडा अध्यक्ष |
| केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| इश्वर थापा | वडा अध्यक्ष |
| शान्ता गलान | सदस्य |
| कृष्ण कुमारी नेपाली | सदस्य |
| सिता भट्ट | सदस्य |
| विन्दा रैला | सदस्य |
| ज्ञानु विक | सदस्य |
| तिर्थ बहादुर घले | सदस्य |
| अर्जुन खड्का | सदस्य सचिव |

Scanned by CamScanner

प्रस्तावहरु

प्रस्ताव नं. १ क्वारेन्टाइन व्यवस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ सडक बत्ति जडान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ बजेट रकमान्तर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ विकास आयोजनामा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा ।

निर्णयहरु

**प्रस्ताव नं. १** माथि छलफल गर्दा कोभिड-१९ (कोरोना भाइरस) को प्रकोपलाई न्यूनिकरण र व्यवस्थापन गर्ने सन्दर्भमा तपशिल बमोजिम कार्य गर्न निर्णय गरियो ।

(१) यस गाउँपालिका भित्र वडा नं २ को डाडाँगाउँ मा.वि डाडाँगाउँ २० वेड र वडा नं. ३ को श्री भूमिदेवि मा.वि ठुलोगाउँमा ८ वेडको क्वारेन्टाइन स्थापना भई सन्चालन हुँदै आएकोमा अब तपशिलको स्थानमा १० वेड सम्मको क्वारेन्टाइन बनाउने निर्णय गरियो ।

तपशिल

(क) १ नं वडा मा १० वेड

(ख) ३ नं वडामा थप २ वेड

(ग) ४ नं. वडा मा १० वेड

(घ) ५ नं. वडा मा १० वेड

(२) थप क्वारेन्टाइन स्थापना गर्न तपशिल बमोजिमको वडामा विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रकम विनियोजन गरियो ।

तपशिल

(क) १ नं वडाका लागि १ लाख ।

(ख) ३ नं. वडाका लागि २० हजार ।

(ग) ४ नं वडाका लागि १ लाख ।

(घ) ५ नं वडाका लागि १ लाख ।

(३) यस गाउँपालिका भित्रको वडामा क्वारेन्टाइन स्थापना गर्ने

Scanned by CamScanner

तपशिल

(क) साविक निर्णय भए बमोजिम २ नं वडा भित्र डाडाँगाउँ मा.वि डाडाँगाउँ र ५ नं वडा भित्र निलकण्ठ मा.वि बोगटीटार मा नै क्वारेन्टाइन स्थापना गर्ने ।

(ख) ३ नं. वडामा श्री भूमिदेवि मा.वि ठुलोगाउँमा क्वारेन्टाइन संचालन भएकोले सोही ठाउँमा नै संचालन गर्ने ।

(ग) १ नं. वडामा चिप्लेटी आधारभूत विद्यालय सल्लेटारमा क्वारेन्टाइन स्थापना गर्ने ।

(घ) ४ नं. वडा भित्र भुवनेश्वरी प्रा.वि मनिगाउँ र ढुङ्गे आधारभूत प्रा.वि, ढुङ्गे ।

**प्रस्ताव नं.२ माथि** छलफल गर्दा बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्र संघिय सरकार शशर्त अनुदान शिर्षकमा विनियोजन भएको रकमबाट सडक वत्ति राख्ने र उक्त सडक बत्ति यस गाउँपालिका भित्र आवश्यकता अनुसारको स्थानमा राख्ने गरी खरिद प्रकृयालाई अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा विश्वव्यापि रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम र नियन्त्रण गर्ने सम्बन्धमा यस कार्यालयले छुट्टै विपद व्यवस्थापन कोष खडा गरेको छ । उक्त कोषबाट कोरोना भाइरसको रोकथाम र नियन्त्रण गर्ने सन्दर्भमा भएका खर्चहरु जस्तै राहत, जोखिम भत्ता, क्वारेन्टाइन उपकरण आदि विषयमा खर्च गर्ने गरि तपशिलको शिर्षकबाट तपशिलको रकम रकमान्तर गर्ने निर्णय गरियो ।

तपशिल

(क) महिला तथा बालबालिका कार्यक्रम तर्फ बाट रु. ८ लाख

(ख) कृषि कार्यक्रम तर्फबाट रु. ८ लाख गरि जम्मा रु. १६ लाख

**प्रस्ताव नं ४** माथि छलफल गर्दा कोरोना भाइरसको जोखिमलाई न्युनिकरण गर्न यस गाउँपालिका भित्र संचालन भएका सबै किसिमका विकास आयोजना संचालन गर्दा श्रमिकहरु आवश्यक पर्ने र थप श्रमिकहरु ल्याउन रोक लागाउने साथै अति आवश्यक परि श्रमिक ल्याउनु पर्ने अवस्था भएमा तपशिल बमोजिमका मापदण्ड पूरा गर्न सम्बन्धित आयोजनालाई निर्द्रेशन दिने निर्णय गरियो ।

तपशिल

(क) कुनै पनि आयोजनाले गाउँपालिकालाई जानकारी गराएर मात्र थप श्रमिक ल्याउन सक्ने ।

(ख) अन्य जिल्लाबाट श्रमिक ल्याउदा आरडिटी परिक्षणको रिपोर्ट र सम्बन्धित वडाबाट सिफारिस भएको अवस्थामा मात्र श्रमिक ल्याउन सकिने ।

(ग) यसरी आएका श्रमिकलाई आयोजनाको कार्यस्थल भन्दा बाहिर आवतजावत गर्न रोक लगाउने ।

Scanned by CamScanner

कृषि सेवा तर्फ

**घटाउने**

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगया गाउँपालिका - कृषि ८०३२८५०१३०३ | हाइटेक प्रविधिको प्लास्टिक घर निर्माण | २२५२१ | सामानिकरण अनुदान | २०० | |
| २ | उत्तरगया गाउँपालिका - कृषि ८०३२८५०१३०३ | प्रस्तावनामा आधारित युव लक्षित कार्यक्रम | २२५२२ | राजस्वा बाडफाठ | ६०० | |

**बढाउने**

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगयाँगाउँपालिका विपद व्यवस्थापन कोष-८०३२८५०११०६ | विविध | २२५२२ | आन्तरिक श्रोत | ८०० | |

**अक्षरुपी : रुपयाँ आठलाख मात्र**

Scanned by CamScanner

महिला विकास तथा जेष्ठ नागरिक तर्फ

घटाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगया गाउँपालिका - महिला विकास तथा जेष्ठ नागरिक ८०३२८५०१३०५ | जेष्ठ नागरिक तीर्थटन तथा सम्मान कार्यक्रम | २२५२२ | सामानिकरण अनुदान | ३०० | |
| २ | उत्तरगया गाउँपालिका - महिला विकास तथा जेष्ठ नागरिक ८०३२८५०१३०५ | सामाजिक सचेतना प्रवर्दन कार्यक्रम (न्याय समिति) | २२५२२ | सामानिकरण अनुदान | ५०० | |

बढाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगयाँगाउँपालिका विपद व्यवस्थापन कोष-८०३२८५०११०६ | विविध | २२५२२ | आन्तरिक श्रोत | ८०० | |

अक्षरुपी : रुपयाँ आठलाख मात्र

Scanned by CamScanner